धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४

च.नं.

विषय:नदीजन्य पदार्थको बिक्री कर संकलनका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना।

प्रथम पटक प्रकाशित मिति: २०८३।७।१२,ठेक्का न. R10/DSMC/2083/084

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) बमोजिम धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने मोहना, खुटीया र शिबगंगा नदी/खोलामा प्रारम्भिक वातावरणीय परीक्षणा(IEE) प्रतिवेदनले तोकेका र आ.ब. २०८३।०८४ मा प्राबिधिकले गरेको स्थलगत अनुगमन अनुसार तोकेको घाट स्थलहरुबाट धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन २०८३ को दफा १५ को अनुसूची १३ बमोजिम नदीजन्य पदार्थको संकलन उत्खननमा बिक्रीकर (रोयल्टी) संकलन गर्न ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहने गरी सिलबन्दी बोलपत्र आव्हानको २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

सूचनाका शर्तहरू

१. मोहना, खुटीया र शिबगंगा नदीको न्युनतम बढाबढ ठेक्का अक प्याकेज अनुसार तपसिल बमोजिम कायम कायम गरिएको छ।

प्याकेज न	ठेक्का कार्यको विवरण	संकलन उत्खनन गर्न सकिने परिमाण	न्यूनतम बढाबढ हुनेठेक्का रकम मु.अ.कर सहित
१	धनगढी उ.म.न.पा. क्षेत्र भित्र भएर बग्ने खुटीया र शिवगंगा नदी/खोलाको IEE गरेको र तोकिएका घाटगद्दी स्थानहरु	१६०४७४।घ.मि.	३८५१३७६०।
२	धनगढी उ.म.न.पा. २ क्षेत्र भित्र भएर बग्ने मोहना नदी/खोलाको IEE गरेको र तोकिएको घाटगद्दी स्थान	५०१४२।घ.मि.	१२०३४०८०
	कुल जम्मा	**२१०६१६।**	**५०५४७८४०।**

२. आफुले खरिद गरेको प्रति प्याकेजमा मात्र कबोल रकम उल्लेख गर्नु पर्नेछ। एउटा मात्र प्याकेज खरिद गरी दुबै प्याकेजमा कबोल रकम उल्ल्खे गरेको पाईएमा दाखिला गरेको बोलपत्र स्वतः रद्ध गरिनेछ।

३. फर्म वा कम्पनीहरुले बोलपत्र पेश गर्दा फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२।०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

४. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले २२ ओ दिनको १२ बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ । बोलपत्र सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा बोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अकों फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

६. स्वीकृत कार्य बिबरण बमोजिम तोकिएका स्थानका नदी घाट कभरेजबाट नदीजन्य पदार्थको उत्खनन परिमाण माथि उल्लेख भए अनुसार घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदी घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन घाटगढी र बिक्रि गर्न पाईने छैन ।

७. विक्री कर (रोयल्टी) संकलन गर्नु पर्ने दर प्रति घन मिटर मु.अ.कर. वाहेक रु. २१२। (अक्षरेपी दुई सय बाह्र मात्र) तोकिएको छ । सो मा मु.अ.कर थप गरी विक्रीकर संकलन गर्नु पर्नेछ ।

८. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मिति देखि २०८४ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

९. तोकिएको घाट स्थलको सिमा रेखा भन्दा बाहिर गई उत्खनन र संकलन गर्न पाईने छैन । तोकिएको सिमा भन्दा बाहिर गई उत्खनन र संकलन बाट रोयल्टी संकलन गरेको जानकारी वा प्रमाणा फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्ध गर्न सक्नेछ । बोलपत्र पेश गर्दा मिलेमतो गरी बोलपत्र पेश गरेको जानकारी प्राप्त भएमा बोलपत्र रद्ध गर्न सकिनेछ ।

१०. सिलबन्दी बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले पहिलो प्याकेजको लागि रु ५०००। र दोश्रो प्याकेजको लागि रु ३०००। टेन्डर दस्तुर (पछि फिर्ता नहुने गरी) बापतको रकम यस कार्यालयको राजश्व शाखामा बुझाई जम्मा गरेको भौचर समेत संलग्न गरी सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

११. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ ।

१२. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको प्रति प्याकेज ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३१३०००००२ मा जम्मा

अधिकृत स्तर आठौं

प.स. रा. ०८३।०८४
च.नं.

गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्टिय वाणिज्य बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिाज्य बैंकको बैंक जमानत पत्र (विडबणड) पेश गर्नुपर्नेछ।

१३. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।

१४. यस शर्तमा लेखेका विषय हरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु बोलपत्रमा उल्लेखित शर्तहरु, स्थानीय सरकार संचालन ऐन २०७४, यस नगरपालिकाको स्वीकृत धनगढी उप-महानगरपालिकाआय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली २०८२, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन मापदणड २०७७, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८३ र सु.प.प्रदेश कानुन तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ। साथै कार्यगत शर्तका बिबरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१५. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरुजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ।

१६. नदीजन्य पदार्थको अवैध/गैर कानूनी रुपमा संकलन/उत्खनन, ढुवानी, ओसार पसार जस्ता कार्यहरु गरेको देखिएमा वा पाईएमा त्यस्ता ढुवानीका साधन प्रयोग गर्ने व्यक्ति वा संस्थालाई यस कार्यालयले दणड जरिवाना स्वरुप पहिलो पटकमा रु. १००००। (एक लाख मात्र) र सोही साधनले दोश्रो पटक उल्लेखित कार्य गरेको पाईएमा रु. २००००। (दुई लाख मात्र) तथा पुनःतेश्रो पटक सोही प्रकृतिको कार्य गरेको पाईएमा निजले प्रयोग गरेको ढुवानी साधनलाई न.पा.ले जफत गरी लिलाम विक्री गर्नेछ। उक्त जरिवाना कार्यालयले आफै असुल गर्नेछ।

१७. आ.ब. २०८३।०८४ मा नदी जन्य पदार्थ उत्खनन र संकलनको ठेक्का नलागेको अवधिभर कार्यालयबाट नगर प्रहरी खटाई अमानतबाट व्यवस्थापन गरिरहेको हुदां अध्ययन प्रतिबेदन पेश भएको मिति देखि कार्यादेश दिईने मिति सम्म संकलन र उत्खनन गरिएको परिमाणा बराबरको रकमलाई

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

नियमानुसार ठेक्का कबोल गर्ने ठेकदारले कबोल गरेको कुल ठेक्का रकमबाट घटाई बांकी रहेको रकममा सम्झौता प्रक्रिया अगाडी वढाईनेछ।

१८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१९. यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन/कानुन बमोजिम हुनेछ।

२०. मु.अ.कर बुझाएको प्रमाण पेश गरेपछि मात्र परफरमेन्स ग्यारेन्टी फुकुवा गरिनेछ।

२१. यो सूचना धनगढी उ.म.न.पा.को वेवसाइट dhangadhimun.gov.np वा बाट समेत हेर्न सकिनेछ।

२२. धनगढी उपमहानगरपालिका भएर बग्ने नदिहरुको (खुटिया, शिवगंगा र मोहना) गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अनुसार उल्लिखित नदिहरुबाट उत्खनन र संकलन गर्न सकिने परिमाण र शिवगंगा, खुटिया I, खुटिया II र मोहना नदीको घाटहरुको बिवरण यस प्रकार रहेको छ।

शिवगंगा, खुटिया I, खुटिया II र मोहना नदीको घाटहरुको बिवरण
धनगढी उपमहानगरपालिका भएर बग्ने नदिहरुको (खुटिया, शिवगंगा र मोहना) गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अनुसार उल्लिखित नदिहरुबाट उत्खनन र संकलन गर्न सकिने परिमाण

स्थान	बिन्दु	मौजुदा परिणाम	उत्खनन् गर्न सकिने बार्षिक परिमाण घ. मि.	उत्खनन् गर्न सकिने परिणाम(दैनिक) घन मि.
शिवगंगा				
धनगढी-१७, दमौलिया घाट	28°45'14.69"N 80°40'42.85"E	११३३४	७९३४	२९
धनगढी-१७, खेलमैदान(A)	28°45'49.90"N 80°41'31.98"E	२१५८८	१५११२	५६
धनगढी-१७, खेलमैदान(B)	28°45'51.05"N 80°41'46.14"E	६६४३	४६५०	१७
जम्मा		३९५६५	२७६९६	१०३
खुटिया I				
धनगढी-१७, धुर्जन्ना(A)	28°44'48.37"N 80°39'21.23"E	२६७४५	१८७२२	६९

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

धनगढी-१७, धुर्जन्ना(B)	28°44'10.98"N 80°39'34.63"E	२७५५९	१९२९१	७१
धनगढी-१७, पथरी(A)	28°43'42.40"N 80°39'35.78"E	१९९३९	१३९५७	५२
धनगढी-१७, पथरी(B)	28°43'32.22"N 80°39'45.73"E	२३६७९	१६५७५	६१
जम्मा		९७९२२	६८५४५	२५४
खुटिया II				
धनगढी-१५, पटेलाघाट(A)	28°41'40.77"N 80°40'20.38"E	७५९१	५३१४	२०
धनगढी-७, पटेलाघाट(B)	28°41'25.34"N 80°40'12.02"E	२०८२८	१४५८०	५४
धनगढी-१५, सुर्मीघाट	28°41'12.09"N 80°39'58.35"E	१६६१९	११६३३	४३
धनगढी-१२, बालुवाटार	28°39'48.91"N80°40'6.13"E	२११६३	१४८१४	५५
धनगढी-१४, हरैया	28°38'37.97"N 80°39'41.32"E	२५५६०	१७८९२	६६
जम्मा		९१७६१	६४२३३	२३८
शिवगंगा, खुटिया I र खुटिया II नदीको कुल जम्मा		२२९२४८	१६०४७४	५९४
मोहना				
धनगढी-०२, मोहना घाट	28°41'16.75"N 80°34'37.85"E	७१६३१	५०१४२	१८६
मोहना नदीको जम्मा			५०१४२	
शिवगंगा, खुटिया I, खुटिया II र मोहना नदीको कुल जम्मा		३००८७९	२१०६१६	७८०

हाल धनगढी उपमहानगरपालिकाले अमानतबाट उठाईरहेको हुँदा ठेक्का लागेमा अध्ययन प्रतिबेदन पेश भएको मिति देखि कार्यादेश दिईने मिति सम्म संकलन र उत्खनन परिमाण कुल जम्मा परिमाणबाट घटाई सम्झौता प्रक्रिया अगाडी वढाइनेछ |

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय,धनगढी,कैलाली,सुदूरपश्चिम प्रदेश।

प्याकेज न १ को बोलपत्र दस्तुर रु ५०००। र प्याकेज न २ को बोलपत्र दस्तुर रु ३०००।

प्याकेज न	ठेक्का कार्यको विवरण	उत्खनन तथा संकलन गर्न सकिने परिमाण	न्यूनतम बढाबढ हुने ठेक्का रकम (मु.अ.क.सहित)	मु.अ.कर सहित कवोल गरेको ठेक्का रकम		धरौटी रकम कबोल अंकको ५% रकम
				अंकमा रु	अक्षरमा रु	
१	धनगढी उ.म.न.पा. क्षेत्र भित्र भएर बग्ने खुटीया र शिवगंगा नदी/खोलाको IEE गरेको र तोकिएका घाटगद्दी स्थानहरु	१६०४७४।घ.मि.	३८५१३७६०।			
२	धनगढी उ.म.न.पा. २ क्षेत्र भित्र भएर बग्ने मोहना नदी/खोलाको IEE गरेको र तोकिएको घाटगद्दी स्थान	५०१४२।घ.मि.	१२०३४०८०।			

फर्म वा कम्पनीहरुको तर्फबाटः

ब्यक्तिको नामः

फर्म वा कम्पनीको नामः

ठेगानाः

दस्तखतः

फोन नं.

अधिकृत स्तर आठौं

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल